सम्पर्क नं.: ०१-४३१६४४३
ईमेल: tcb132kv@nea.org.np

**नेपाल विद्युत प्राधिकरण**
(नेपाल सरकारको स्वामित्व)
**प्रसारण निर्देशनालय**
**मध्यम भोल्टेज ग्रिड विकास विभाग**
**थानकोट चापागाउँ भक्तपुर १३२ के.भी. प्रसारण लाईन आयोजना**
मातातीर्थ, काठमाण्डौ

---

**नेपाल विधुत प्राधिकरण थानकोट चापागाउ भक्तपुर १३२ केभी प्रसारण लाइन (मातातिर्थ -चोभार खण्ड) मा विद्युत प्रशारण हुने सम्बन्धी अत्यन्त जरूरी सुचना।**

नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा निर्माणाधीन थानकोट–चापागाउँ–भक्तपुर १३२ केभी प्रसारण लाइन आयोजना अन्तर्गत मातातीर्थ–चोभार खण्डको प्रसारण लाइन निर्माण कार्य सम्पन्न भएको छ।

उक्त प्रसारण लाइनलाई राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गरी विद्युत् प्रसारण गर्नका लागि काठमाडौं जिल्लाको मातातीर्थ सबस्टेसनदेखि काठमाडौं जिल्लाकै चोभार सबस्टेसनसम्म १३२ केभी डबल सर्किट प्रसारण लाइनबाट मिति २०८३।०६।२३ गते शुक्रवार देखि विद्युत् प्रवाह गरिने भएकाले सम्बन्धित क्षेत्रका सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रसारण लाइनमा विद्युत् प्रवाह भएपछि उक्त लाइन नियमित रूपमा सञ्चालनमा रहनेछ ।

प्रसारण लाइनका टावरमा **नचढ्नु तथा कुनै पनि वस्तुले नछुनुहुन**, टावर तथा प्रसारण लाइनको आसपासमा **नजानुहुन तथा अनावश्यक रूपमा भीडभाड नगर्नुहुन**, टावरको आसपासमा **गाईवस्तु नछाड्नुहुन**, प्रसारण लाइनको संरचना तथा तारमा क्षति पुग्ने गरी **जग्गा खन्ने, उत्खनन गर्ने वा अन्य कुनै कार्य नगर्नुहुन, 'खतरा/डेंजर' संकेत भएका विद्युतीय संरचना तथा उपकरणहरू नछुनुहुन**, बालबालिकाहरूलाई समेत प्रसारण लाइन तथा टावरबाट हुन सक्ने जोखिमबारे **सचेत गराइदिनुहुन**, साथै **प्रसारण लाइनको मुनि कुनै प्रकारको बसोबास नगर्नुहुन** समेत अनुरोध गरिन्छ।

प्रसारण लाइन सञ्चालनका क्रममा कुनै स्थानमा झिल्का/स्पार्क देखिएमा, तार चुडिएमा, टावरमा क्षति पुगेमा वा अन्य कुनै विद्युतीय जोखिम देखिएमा तत्काल तपसिलमा उल्लेखित सम्पर्क नम्बरमा फोन गरी जानकारी गराउनुहुन अनुरोध गरिन्छ। साथै, नजिकको प्रहरी चौकी वा नेपाल विद्युत प्राधिकरणको सम्बन्धित कार्यालयमा समेत तत्काल खबर गर्नुहुन अनुरोध छ।

सर्वसाधारणको सुरक्षा तथा विद्युत् प्रसारण प्रणालीको संरक्षणका लागि आवश्यक सावधानी अपनाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

**नेपाल विद्युत प्राधिकरण**
**थानकोट–चापागाउँ–भक्तपुर १३२ केभी प्रसारण लाइन आयोजना**
**मातातिर्थ, काठमान्डौ**
**फोन नं. – ९८५११२६३१६, ९८४४०३७६९२, ९८५११९२९३७**